# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
# Nepal Administrative Staff College
*"...devoted to making differences positively."*

प.सं. PSTD\ CFST
च.नं. ४८९\०७६\७७

मिति :२०७६/१०/०८

**श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,**
**सिंहदरबार, काठमाडौं ।**

**विषय : सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी मनोनयन**

नेपाल सरकार र सार्वजनिक निकायहरूमा कार्यरत तृतीय श्रेणी वा सो सरहका अधिकृतहरूको क्षमता विकास गर्ने उद्देश्यका साथ प्रतिष्ठानले संचालन गर्दै आएको Professional Course on Management and Development (PCMD) तपसिल बमोजिमको समयतालिकामा संचालन हुने व्यहोरा जानकारी गराउँदछु । अधिकृतहरूको मूलभूत सक्षमता (Core Competencies) मा आधारित ३० कार्यदिन संचालन हुने यस तालिम कार्यक्रममा त्यस मन्त्रालय वा अन्तरगतका निकायबाट ३ वटा कार्यक्रमहरूको लागि जम्मा **९ जना** तृतीय श्रेणी वा सो सरहका अधिकृतहरुको मनोनयन सचिव/विशिष्ट श्रेणीको अधिकृतस्तरबाट गराई उल्लेखित समयतालिकामा तालिम लिन चाहेको मिति र सोको लागि मनोनित कर्मचारीहरुको नामावली मनोनयन फाराम सहित मिति **२०७६/१०/२०** गतेसम्म प्रतिष्ठानमा उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । प्राप्त नामावलीमध्येबाट प्रतिष्ठानले निम्नानुसार मनोनयन स्वीकृत गर्ने व्यहोरा अनुरोध छ ।

| क्रम | कार्यक्रम | मिति | जम्मा |
|---|---|---|---|
| १ | पहिलो कार्यक्रम संचालन हुने | २०७६ फाल्गुण १ गतेदेखि २०७६ चैत्र १७ गतेसम्म | ३ जना |
| २ | दोश्रो कार्यक्रम संचालन हुने | २०७६ फाल्गुण १४ गतेदेखि २०७६ चैत्र २६ गतेसम्म | ३ जना |
| ३ | तेश्रो कार्यक्रम संचालन हुने | २०७६ फाल्गुण २१ गतेदेखि २०७७ वैशाख ५ गतेसम्म | ३ जना |

**मनोनयनका आधारहरू र सम्बन्धित व्यवस्था :**

१. मनोनित कर्मचारीको हालको तह/श्रेणीमा २०७६ माघ मसान्त सम्ममा न्यूनतम ३ वर्षको सेवा अवधि पूरा भएको हुनुपर्नेछ।
२. हालको तह/श्रेणीमा ३० कार्यदिन वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिम लिइसकेका कर्मचारीहरु मनोनयनका लागि योग्य हुने छैनन् ।
३. एउटा समूह (तालिम कार्यक्रम) मा अधिकतम ३० जना अधिकृतहरू समावेश गरिनेछ ।
४. मनोनयन गर्दा संलग्न तालिका बमोजिमको कुन समूहमा सहभागी हुने हो सो खुलाई पठाउनुपर्नेछ ।
५. मनोनयनको स्वीकृति गर्दा द्विविधा भएमा ज्येष्ठतालाई आधार लिइनेछ ।
६. तोकिएको मितिपछि प्राप्त हुन आएको मनोनयनमाथि कारवाही गरिनेछैन ।
७. मनोनयन फाराम प्रतिष्ठानको वेबसाइट www.nasc.org.np मा राखिएको छ । सम्वन्धित उम्मेदवारले प्रतिष्ठानको वेभसाइटमा राखिएको Notices भित्र Long Training Nomination Form लिंकमा क्लिक गरी मनोनयन फाराम डाउनलोड गर्न सक्नेछन् ।
८. वैकल्पिक उम्मेदवारहरूको व्यवस्था रहेको छैन । तसर्थ, तोकिएको संख्या भन्दा बढी र वैकल्पिक भनी उल्लेख भएको मनोनयन माथि कारवाही गरिने छैन ।
९. मनोनयन स्वीकृतिको अधिकार प्रतिष्ठानमा रहनेछ । मनोनयन स्वीकृतिको जानकारी प्रतिष्ठानको सूचना पाटी तथा वेबसाइट www.nasc.org.np मा राखिनेछ ।

सम्पर्क :
प्रतिभा ढुंगाना
प्रशिक्षण तथा अनुसन्धान अधिकृत
मोबाइल नं. ९८४१६७७७९९

शितल मोक्तान तामाङ्ग
अध्ययन उप-निर्देशक
मोबाइल नं. ९८५१०२२६८३

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
Nepal Administrative Staff College
*"...devoted to making differences positively."*

प.सं.
च.नं. PSTD/CIsT
590/076/77

मिति :२०७६/१०/०८

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

**विषय : सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी मनोनयन**

नेपाल सरकार र सार्वजनिक निकायहरूमा कार्यरत द्वितीय श्रेणी वा सो सरहका अधिकृतहरूको क्षमता विकास गर्ने उद्देश्यका साथ प्रतिष्ठानले संचालन गर्दै आएको Advanced Course on Management and Development (ACMD) तपसिल बमोजिमको समयतालिकामा संचालन हुने व्यहोरा जानकारी गराउँदछु । अधिकृतहरूको मूलभूत सक्षमता (Core Competencies) मा आधारित ३५ कार्यदिन संचालन हुने यस तालिम कार्यक्रममा त्यस मन्त्रालय वा अन्तरगतका निकायबाट २ वटा कार्यक्रमहरूको लागि जम्मा **४ जना** द्वितीय श्रेणी वा सो सरहका अधिकृतहरूको मनोनयन सचिव/विशिष्ट श्रेणीको अधिकृतस्तरबाट गराई उल्लेखित समयतालिकामा तालिम लिन चाहेको मिति र सोको लागि मनोनित कर्मचारीहरुको नामावली मनोनयन फाराम सहित मिति **२०७६/१०/२०** गतेसम्म प्रतिष्ठानमा उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । प्राप्त नामावलीमध्येबाट प्रतिष्ठानले निम्नानुसार मनोनयन स्वीकृत गर्ने व्यहोरा अनुरोध छ ।

| क्रम | कार्यक्रम | मिति | जम्मा |
|---|---|---|---|
| १ | पहिलो कार्यक्रम संचालन हुने | २०७६ माघ २७ गतेदेखि २०७६ चैत्र १८ गतेसम्म | २ जना |
| २ | दोश्रो कार्यक्रम संचालन हुने | २०७६ फाल्गुण ७ गतेदेखि २०७६ चैत्र २८ गतेसम्म | २ जना |

**मनोनयनका आधारहरू र सम्बन्धित व्यवस्था :**

१. मनोनित कर्मचारीको हालको तह/श्रेणीमा २०७६ माघ मसान्त सम्ममा न्यूनतम २ वर्षको सेवा अवधि पूरा भएको हुनुपर्नेछ ।
२. हालको तह/श्रेणीमा ३० कार्यदिन वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिम लिइसकेका कर्मचारीहरु मनोनयनका लागि योग्य हुने छैनन् ।
३. एउटा समूह (तालिम कार्यक्रम) मा अधिकतम ३० जना अधिकृतहरू समावेश गरिनेछ ।
४. मनोनयन गर्दा संलग्न तालिका बमोजिमको कुन समूहमा सहभागी हुने हो सो खुलाई पठाउनुपर्नेछ ।
५. मनोनयनको स्वीकृति गर्दा द्विविधा भएमा ज्येष्ठतालाई आधार लिइनेछ ।
६. तोकिएको मितिपछि प्राप्त हुन आएको मनोनयनमाथि कारवाही गरिनेछैन ।
७. मनोनयन फाराम प्रतिष्ठानको वेबसाइट www.nasc.org.np मा राखिएको छ । सम्बन्धित उम्मेदवारले प्रतिष्ठानको वेभसाइटमा राखिएको Notices भित्र Long Training Nomination Form लिंकमा क्लिक गरी मनोनयन फाराम डाउनलोड गर्न सक्नेछन् ।
८. वैकल्पिक उम्मेदवारहरूको व्यवस्था रहेको छैन । तसर्थ, तोकिएको संख्या भन्दा बढी र वैकल्पिक भनी उल्लेख भएको मनोनयन माथि कारवाही गरिने छैन ।
९. मनोनयन स्वीकृतिको अधिकार प्रतिष्ठानमा रहनेछ । मनोनयन स्वीकृतिको जानकारी प्रतिष्ठानको सूचना पाटी तथा वेबसाइट www.nasc.org.np मा राखिनेछ ।

सम्पर्क :
शैलजा उपाध्याय
प्रशिक्षण तथा अनुसन्धान अधिकृत
मोबाइल नं. ९८५११९०७१५

.................................
शितल मोक्तान तामाङ्ग
अध्ययन उप-निर्देशक
मोबाइल नं. ९८५१०२२६८३